गाउँ सभाबाट स्वीकृत मितिः२०७८।०३।२५

# मायादेवी गाउँपालिकाको कर्मचारीहरुको समायोजन एवं व्यवस्थापन ऐन, २०७८

## मायादेवी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## पकडी,कपिलवस्तु

## लुम्बिनी प्रदेश,नेपाल

# मायादेवी गाउँपालिकाको कर्मचारीहरुको समायोजन एवं व्यवस्थापन ऐन, २०७८

**प्रस्तावनाः**

मुलुक संघीय संरचनामा गई कर्मचारी समायोजन ऐन, २०७५ लागु भई सरकारी तथा अन्य सेवाबाट समायोजन भई निजामती सेवाका कर्मचारीहरु मायादेवी गाउँपालिकामा कामकाज गर्न खटीएका तर साविकको स्थानीय निकाय गाविसहरुमा स्थायी नियुक्ति भई मायादेवी गाउँपालिकामा समायोजन भई तथा अन्य स्थानीय निकायमा सेवा प्रवेश गरी हाल मायादेवी गाउँपालिकामा सरुवा भइ आएका स्थायी रुपमा कार्यरत कर्मचारीहरुको हालसम्म न्यायोचित समायोजन हुन नसकेको कारण स्थानीय सेवामा प्रवेश गरी काम गरेका समग्र कर्मचारीको वृत्ति विकास नै अबरुद्ध हुन गई त्यसको असर कार्य सम्पादनमा समेत परेकोले यसको निम्ति यथोचित सम्बोधन अपरिरहार्य भएको हुँदा स्थानीय निकाय गाविसहरुमा सेवा प्रवेश गरी कार्यरत स्थायी कर्मचारी र अन्य स्थानीय निकायमा सेवा प्रवेश गरी मायादेवी गाउँपालिकामा सरुवा/समायोजन तथा पदस्थापन भएका कर्मचारीहरुको तह बृद्धी तथा बढुवा सम्बन्धमा कानूनी व्यवस्था गरी कर्मचारी व्यवस्थापनलाई समान, न्यायोचित र एकिकृत गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम मायादेवी गाउँपालिकाको आठौं गाउँ सभाले यो ऐन बनाई जारी गरेको छ ।

## परिच्छेद-१

**१. संक्षित नाम र प्रारम्भः**

(क) यस ऐनको नाम " मायादेवी गाउँपालिकाको कर्मचारी व्यवस्थापन एवं समायोजन ऐन, २०७८ रहेको छ ।

(ख) यो "ऐन" तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "ऐन" भन्नाले मायादेवी गाउँपालिकाको कर्मचारी व्यवस्थापन एवं समायोजन ऐन २०७८ लाई सम्झनु पर्छ ।

(ख) "कर्मचारी" भन्नाले साविकको स्थानीय निकाय (जिल्ला विकास समिति र गाउँ विकास समिति) को स्वीकृत दरबन्दीमा स्थायी नियुक्ती भई यो ऐन जारी हुँदाका वखत मायादेवी गाउँपालिकामा स्थानीय सेवामा कार्यरत कर्मचारी सम्झनु पर्छ ।

(ग) “अस्थायी तथा करार कर्मचारी” भन्नाले स्वीकृत दरबन्दीमा नियुक्ती भई यो ऐन जारी हुँदाका वखत मायादेवी गाउँपालिकामा कार्यरत सेवा अस्थायी /करारका कर्मचारीहरुलाई सम्झनु पर्छ ।

(ग) “कार्यपालिका” भन्नाले मायादेवी गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

(घ) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस ऐन र यस ऐन अन्तरगत रही मायादेवी गाउँपालिकाले बनाएको अन्य कानूनमा तोकिएका कुरालाई सम्झनुपर्छ,

(ङ) “गाउँसभा” भन्नाले मायादेवी गाउँपालिकाको गाउँसभालाई सम्झनुपर्छ ।

(च) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४ बमोजिम नियुक्त मायादेवी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृलाई सम्झनु पर्छ ।

(छ) “स्थानीय सेवा” भन्नाले मायादेवी गाउँपालिका तथा साविकका अन्य स्थानीय निकायमा स्थायी पदपुर्ति भई हाल सम्म कार्यरत स्थायी कर्मचारीको सेवा समूहलाई सम्झनु पर्छ ।

(ज) “गाउँपालिका” भन्नाले मायादेवी गाउँपालिकालाई सम्झनुपर्छ ।

(झ)“स्थानीय कानून” भन्नाले मायादेवी गाउँपालिकाबाट जारी भएका कानूनलाई सम्झनुपर्छ ।

(ञ) समिति भन्नाले दफा ९ बमोजिम गठित समितिलाई सम्झनु पर्दछ ।

**३.कर्मचारीको स्तर बृद्धि गर्नेः** (१) साविक स्थानीय निकायमा स्थानी रुपमा सेवा प्रवेश गरी गाउँपालिकामा सरुवा, सामायोजन एवम् पदास्थापन भएका र समायोजन हुँदाका बखत बढुवा तथा स्तर बृद्धि नभएका स्थानीय सेवाका कर्मचारीहरुलाई स्तर बृद्धि गरिनेछ ।

## परिच्छेद-२

## समायोजन मिलान सम्बन्धी व्यवस्था

**४. मायादेवी गाउँपालिकामा कार्यरत स्थायी कर्मचारीहरुको समायोजन तह मिलान**

(१) साविकको स्थानीय निकाय (जिल्ला विकास समिति र गाउँ विकास समिति) को अन्य स्थानीय निकायको स्वीकृत दरवन्दीमा स्थायी नियुक्ती भइ यो ऐन जारी हुँदाका वखत मायादेवी गाउँपालिकामा कार्यरत स्थानीय सेवाका सबै कर्मचारीहरुलाई देहाय बमोजिम समायोजन तह मिलान तथा ग्रेड (तलब बृद्धी) बृद्धी गरिने छ ।

| सावकको तह | सेवा अवधी (बर्ष) | स्तर बृद्धि पश्चात कायम हुने तह | विगत पाचँ वर्षको कार्य सम्पादनको अकं | न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|
| अधिकृत स्तर आठौं | ५ | अधिकृत स्तर नवौं | ९० प्रतिशत | सम्बन्धित विषयमा स्नातक वा सो सरह |
| अधिकृत स्तर सातौं | ५ | अधिकृत स्तर आठौं | ९० प्रतिशत | सम्बन्धित विषयमा स्नातक वा सो सरह |
| अधिकृत स्तर छैठौं | ५ | अधिकृत स्तर सातौं | ९० प्रतिशत | सम्बन्धित विषयमा स्नातक वा सो सरह |
| सहायकस्तर पाँचौं | ५ | अधिकृत स्तर छैठौं | ९० प्रतिशत | प्रविणता प्रमाणपत्र तह वा सो सरह |
| सहायकस्तर चौंथो | ५ | सहायकस्तर पाँचौं | ९० प्रतिशत | प्रवेशिका वा सो सरह |
| सहायक स्तर तृतिय | ५ | सहायकस्तर चौंथो | ९० प्रतिशत | प्रवेशिका वा सो सरह उतिर्ण गरेको |
| श्रेणी विहिन दोस्रो | ५ | श्रेणी विहिन तेस्रो | ९० प्रतिशत | कक्षा ८ उत्तीर्ण गरेको |

(२) उपदफा (१) मा जुन सुकै कुरा लेखिएको भएतापनि उपदफा (१) बमोजिमको न्यूनतम शैक्षिक योग्यता नभएको तर सोही तहको स्थायी पदमा ९ वर्ष वा सो भन्दा बढी अबधी पुरा गरेको भए एक तह वृद्धी गरिने छ।

(३) उपदफा (१) र (२) मा तोनिकएको मापदण्डमा नपर्ने र अविछिन्न रुपमा काम गर्नेहरुको हकमा २ ग्रेड थप गरिने छ।

(४) उपदफा (१) बमोजिम स्तर बृद्धी गर्दा साविकको पदमा ५ वर्षसम्म काम गरेका कर्मचारीलाई कुनै थप सुविधा प्रदान गरिने छैन, तर साविकको पदमा ५ वर्ष भन्दा माथी काम गरेका कर्मचारीको हकमा भने ५ वर्ष देखी

७ वर्ष सम्मको लागि थप एक ग्रेड, ७ वर्ष देखी ९ वर्ष सम्मको लागि थप दुइ ग्रेड र ९ वर्ष देखी माथी ३ ग्रेड थप सुविधा दिई सोही अनूरुप जेष्टता समेत कायम गरिरने छ।

(५) उपदफा (१) बमोजिमको पदनाममा सम्बन्धित सेवा वा समूह जनाई पदनाम कायम हुनेछ।

(६) यस दफा बमोजिजम गाउँपालिकाका स्थानीय सेवाका कर्मचारीलाई समायोजन गर्दा कायम हुने तलब निजले साविकमा खाइपाई आएको तलब भन्दा कम हुने भएमा ग्रेड बृद्धी गरी तलब मिलान गरिनेछ।

(७) उपदफा (१) बमोजिजम समायोजन स्वीकार गर्ने कर्मचारीहरुले समायोजन कायम हुने तहका निम्ति तोकिएको तलबमान र सुविधाहरु प्राप्त गर्नेछन।

**५. समायोजन तह मिलानको पत्र दिने**

(१) यस ऐन बमोजिम मायादेवी गाउँपालिका स्थानीय सेवाका कर्मचारीहरुलाई स्तर बृद्धि पश्चात प्रमुख प्रशासकीय अधिकृतले समायोजन स्तर बृद्धी (तह मिलान) को पत्र दिनुपर्ने छ।

(२) उपदफा (१) बमोजिम दिईने पत्र अनुसुची-१ बमोजिमको हुनेछ।

**६. पदस्थापना गरिनेः**

(१) दफा ४ बमोजिजम समायोजन भएका कर्मचारीहरुलाई समायोजन पश्चात पदस्थापन गर्नु अघि स्वतः पुल दरवन्दीमा कायम भएको मानिने छ। यसरी समायोजन भई पुल दरवन्दीमा कायम भएका कर्मचारीलाई पदस्थापन गर्नु पूर्वको यथास्थानमा कामकाज गर्न बाधा पुगेको मानिने छैन।

(२) दफा ४ बमोजिजम समायोजन तह मिलान भएका मायादेवी गाउँपालिका अन्तरगत रहेका स्थानीय सेवाका कर्मचारीहरुलाई समायोजन पश्चात मायादेवी गाउँपालिकाले स्वीकृत गरेको संगठन संरचना र दरवन्दी बमोजिम मिल्दो सेवा समुहको पदमा प्रमुख प्रशासकीय अधिकृतबाट पदस्थापन गरिने छ।

**७. स्तर बृद्धि भएका कर्मचारीको सेवा सुविधाः**

यस ऐन बमोजिम स्तर बृद्धि भएका स्थानीय सेवाका कर्मचारीहरुको तलब तथा अन्य सुविधा प्रचलित कानुनले तोके बमोजिम हुनेछ।

**८. जेष्ठताको गणनाः**

(१) यस ऐन वमोजिम स्तर बृद्धि हुने कर्मचारीहरुको जेष्ठता स्तर बृद्धि हुनु पूर्वको तहमा काम गरेको अवधिलाई स्तर बृद्धि भई कायम हुने पदका लागि गणना हुनेछ।

(२) उपदफा (१) बमोजिम जेष्ठता गणना भएतापनि समायोजन पश्चातको पद बमोजिमको सेवा, सुविधा भने यो ऐन जारि भए पछि मात्र लागु हुने छ।

**९. समिति :**

दफा ४ बमोजिजमको समायोजन तह मिलानका लागि आवश्यक प्रशासनिक कार्यसम्पादन गर्न तथा समायोजन/वढुवा सिफारिसको निम्ति देहाय बमोजिमको समिति रहनेछ । सो समितिको सिफारिसलाई आधार मानी प्रमुख प्रशासकीय अधिकृत अधिकृतले समायोजन तह मिलान (बढुवा) को पत्र निदने छ।

| | |
|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | -संयोजक |
| गाउँपालिका अध्यक्षले तोकेको अधिकृत | -सदस्य |
| प्रशासन शाखाको कर्मचारी | -सदस्य सचिव |

*आवश्यक परेको खण्डमा थप एक जना आमन्त्रित सदस्यको रुपमा विषय विज्ञको व्यवस्था गर्न सक्नेछ।

**१०. स्थायी पदपुर्ति सम्बन्धी विशेष व्यवस्था**

(१) साविकका स्थानीय निकाय र मायादेवी गाउँपालिकाको स्वीकृत दरवन्दीको अधिकृतस्तर छैठौ तह, सहायक स्तर पाँचौ र चौथो तहमा करार सेवामा काम गरी यो ऐन प्रारम्भ हुँदाका वखत सम्म अविछिन्न रुपमा सोही पदमा कार्यरत कर्मचारीहरु वीच मात्र सोही पदमा छुट्टै आन्तरिक प्रतिस्पर्धात्मक परीक्षा संचालन गरी स्थायी पदपूर्ति गर्न सकिनेछ।

(२) श्रेणी विहिन पदमा निरन्तर रुपमा लगातार ८ बर्ष कार्यरत कर्मचारीहरुलाई निजले प्राप्त गरेको शैक्षिक योग्यताको प्रमाण पत्रको आधारमा आन्तरिक प्रतिस्पर्धा गराई श्रेणी विहिन पदमा स्थायी पदपूर्ति गर्न सकिने छ।

(३) उपदफा १ र २ बमोजिमको प्रतिस्पर्धात्मक परीक्षा संचालनका लागि प्रदेश लोकसेवा आयोग लुम्बिनी प्रदेशलाई अनुरोध गरिने छ।

**११. स्थानीय तह कर्मचारीको समायोजन र व्यवस्थापन सम्बन्धमा संघीय सरकारले जारी गर्ने स्थानीय तहका कर्मचारी व्यवस्थापन सम्बन्धी मापदण्डमा उल्लेखित कानूनी व्यवस्था सँग यो ऐनको व्यवस्था बाझिएमा बाझिएको हदसम्म निस्कृय हुनेछ।**

**१२. आवश्यक व्यवस्था मिलाउने :**

यो ऐन कार्यान्वयन गर्ने क्रममा कुनै बाधा उत्पन्न भएमा कार्यपालिकाले यो ऐन प्रतिकूल नहुने गरि आवश्यक व्यवस्था मिलाउन सक्नेछ।

## परिच्छेद-३

### अवकाश सम्वन्धी व्यवस्था

**१३.अनिवार्य अवकाश**

देहायको अवस्थामा गाउंपालिकाले कुनैपनि कर्मचारीलाई अनिवार्य अवकाश दिनेछः-

(क) निजको उमेर ५८ वर्ष पुगेपछि(संघीय सरकारको अद्यावधिक व्यवस्था वमोजिम) वा

(ख)निजलाई निको नहुने कडा रोग लागी कार्य गर्न सक्षम छैन भन्ने नेपाल सरकारद्वारा स्वीकृत प्राप्त मेडिकल वोर्डको सिफारीस प्रतिवेदन प्राप्त भएमा वढीमा ५ वर्ष सेवा अवधि थप गरी अवकाश दिन सकिने छ । तर, उमेर ५८ वर्ष भन्दा वढी(संघीय सरकारको अद्यावधिक व्यवस्था वमोजिम) हुने गरी थप गरिने छैन ।

**१४. स्वेच्छिक अवकाश**

(१) कुनै कर्मचारीले गाउंपालिकावाट अवकाश लिन चाहेमा अवकाश लिन चाहेको एक महिना अगावै राजिनामा पेश गरी सो स्वीकृत भएपछि अवकाश लिन सक्नेछ।

(२) उप दफा(१)वमोजिम राजिनामा स्वीकृत गर्ने अधिकार देहायका पदाधिकारीमा हुनेछ।

(क) अधिकृत स्तरका कर्मचारीको हकमा - प्रमुख प्रशासकिय अधिकृत

(ख) सहायक स्तरका कर्मचारीको हकमा - प्रमुख प्रशासकिय अधिकृत

(३) उप दफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै खास अवधिको लागि गाउंपालिकाको सेवा गर्ने गरी कुनै कर्मचारीले कवुलियत (वण्ड) गरेको भए वा कुनै खास परियोजना सञ्चालन गर्न नियुक्त गरिएको भए सो अवधि भुक्तान नभई निजले विशेष परिस्थितिमा वाहेक राजीनामा गर्न पाउने छैन । सो अगावै राजिनामा दिएमा गाउंपालिकालाई क्षतिपूर्ति तिर्नु पर्नेछ ।

## परिच्छेद-४

## कल्याण कोष तथा अन्य सुविधा सम्वन्धी व्यवस्था

**१५.कल्याण कोष**

(१) मायादेवी गाउंपालिकामा कार्यरत कर्मचारीहरुको मासिक तलवको आधारभूत तलवमानको १० प्रतिशत रकम पालिकाको तर्फवाट कर्मचारी कल्याण कोष खडा गरि जम्मा गर्ने र कर्मचारी अनिवार्य अवकाश वा अन्यथा कारणवस सेवावाट अलग भएमा उक्त रकम नीज वा नीजले ईच्छाएको नजिकको हकवालालाई भुक्तानी दिईनेछ ।

(२) यो ऐन प्रारम्भ हुंदाका वखत प्रचलित कानून वमोजिम स्थापित कर्मचारी कल्याण कोष वा त्यस्तै अन्य कुनै कोषमा सञ्चित वा पालिकाको जिम्मामा रहेको अन्य कोष वापतको रकम यो ऐन प्रारम्भ भएपछि तोकिए वमोजिम कर्मचारी कल्याण कोषमा हस्तान्तरण गर्नु पर्नेछ ।

(३) उपदफा (१) वा (२) वमोजिम यो ऐन प्रारम्भ भए पछि अनिवार्य अवकाश वा अन्य कारणवस सेवावाट अलग भएको अवस्थामा पालिकाले त्यस्तो कर्मचारीको विदा,औषधी उपचार खर्च र उपदान लगायतका अन्य सेवा सुविधा वापतको रकम तत्कालिन स्थानीय स्वायत्त शासन ऐन २०५५ र नियमावलि २०५६ (संशोधन समेत) वमोजिम भुक्तानी दिनु पर्नेछ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कल्याण कोष वापतको रकम कुनै कारणले उपदफा (१) वा (२) वमोजिम यो ऐन प्रारम्भ हुनु अघि अनिवार्य अवकाश वा अन्य कारणवस सेवावाट अलग भएको अवस्थामा पालिकाले त्यस्तो कर्मचारीको विदा,औषधी उपचार खर्च र उपदान लगायतका अन्य सेवा सुविधा वापतको रकम तत्कालिन स्थानीय स्वायत्त शासन ऐन २०५५ र नियमावलि २०५६ (संशोधन समेत) वमोजिम रकम भुक्तानी दिनु पर्नेछ ।

**१६.संचय कोष**

(१) गाउंपालिकाका कर्मचारीको मासिक तलवको १० प्रतिशत रकम कट्टा गरि सोही वरावरको रकम थप गरि कर्मचारी संचय कोषमा निजको नाममा जम्मा गरिनेछ ।

(२) मायादेवी गाउंपालिकाको गाउं कार्यपालिकाको कार्यालयमा स्वीकृत दरवन्दीमा कार्यरत अस्थायी तथा करार कर्मचारीहरुको मासिक तलववाट आधारभूत तलवमानको १० प्रतिशत वरावरको रकम मासिक रुपमा कट्टा गरि सोही वरावरको रकम पालिकाको तर्फवाट थप गरि कर्मचारी संचय कोषमा निजको नाममा जम्मा गरिनेछ ।

(३) उपदफा (१) तथा (२) वमोजिमको रकम संचयकोषको खातामा जम्मा हुनेछ ।

**स्पष्टिकरणः श्रम ऐन २०७४ को दफा ५२ मा सञ्चय कोष, उपदान तथा विमा सम्वन्धी व्यवस्था :**

(१) उपदफा (१) रोजगारदाताले प्रत्येक श्रमिकको आधारभूत पारिश्रमिकवाट दश प्रतिशत रकम कट्टा गरी सो रकममा शतप्रतिशत रकम थप गरी सञ्चय कोष वापतको रकम जम्मा गर्नु पर्नेछ ।

(२) उपदफा (१) वमोजिमको रकम रोजगारदाताले सम्वन्धित श्रमिकले काम प्रारम्भ गरेको दिनदेखि नै लागू हुने गरी निजको नाममा सामाजिक सुरक्षा कोषमा जम्मा गर्नु पर्नेछ ।

उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा त्यस्तो सञ्चय कोषको रकम रोजगारदाताले तोकिए वमोजिम हुने गरी जम्मा गर्नु पर्नेछ :-

(क) सामाजिक सुरक्षा कोष स्थापना भई सञ्चालनमा नआए सम्म, वा

(ख) सम्वन्धित रोजगारदाताको हकमा सामाजिक सुरक्षा कोष सम्वन्धी कानून लागू

नभएसम्म ।

(४) यो ऐन प्रारम्भ हुनुअघि सञ्चय कोष रकम जम्मा नहुने श्रमिकको हकमा रोजगारदाताले यो ऐन प्रारम्भ भएको मितिदेखि सञ्चय कोष रकम जम्मा गर्नु पर्नेछ ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सञ्चय कोष वापतको रकम कुनै कारणले उपदफा (२) वा (३) वमोजिम जम्मा गर्न नसकिने भएमा रोजगारदाताले त्यस्तो श्रमिकको आधारभूत पारिश्रमिकको दश प्रतिशत रकम थप गरी भुक्तानी दिनु पर्नेछ । भन्ने ब्यवस्था भएकोले,

**१७. वीमा**

गाउंपालिकाका प्रत्येक कर्मचारीहरु तथा स्थायी,अस्थायी,करार कर्मचारीहरुलाई समेत रु ५,००००० ।००(अक्षरेपी-पांच लाख मात्र) वरावरको दुर्घटना वीमा गराउन सक्नेछ ।

<u>सन्दर्भ सामाग्रीहरु</u>ः-

१. नेपालको संविधान २०७२,

२. स्थानीय सरकार संचालन ऐन २०७४,

३. श्रम ऐन २०७४ र श्रम नियमावली २०७५,

४.सामाजिक सूरक्षा ऐन २०७४,

५. तत्कालिन स्थानीय स्वायत्त शासन ऐन २०५५ र नियमावलि २०५६ संशोधन समेत

६. निजामती सेवा नियमावली २०५०

७. सम्माननीय सर्वोच्च अदालतले विभिन्न समयमा गरेका फैसलाहरु मिसिल नं. ०६८(WS-००६४, ०७१(CI -००५, ०७४(WC-००४, ०७४(WC-०५६५, सर्वोच्च अदालतको को निर्णयः ८२१(२०७१), ८०५८(२०७०), ८०५०(२०७०)

**अनुसूची–१**

**दफा ५ को उपदफा(२) सँग सम्बन्धित छ**

**समायोजन(स्तर बृद्धि)पत्र**

**पत्र संख्याः..........** **मितिः.............**

**चलानीः.............**

**विषयः-**समायोजन(स्तर बृद्धि) गरिएको सम्बन्धमा।

**श्री .......................................**

**..........................................**

मायादेवी गाउँपालिकाको कर्मचारीहरुको समायोजन एवं व्यवस्थापन ऐन २०७८ बमोजिम आजैका मिति देखि लागु हुने गरी तपाईलाई देहाय बमोजिमको पद तथा तहमा पुल दरबन्दीमा रहने गरी समायोजन (स्तर बृद्धि) गरीएको छ।

समायोजन (स्तर बृद्धि) हुनु भएकोमा बधाई छ, तपाईको उज्जव भविष्यको कामना गर्दछु।

**तपसिल**

| हाल कार्यरत पदको विवरण | समायोजन गरिएको पदको विवरण |
|---|---|
| पदः | पदः |
| तहः | तहः |
| सेवाः | सेवाः |
| समूहः | समूहः |
| नियुक्ति मितिः | नियुक्ति मितिः |

.........................

**बोधार्थ** प्रमुख प्रशासकीय अधिकृत

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, लुम्बिनी प्रदेश, बुटवल।

श्री कर्मचारी संचय कोष, ठमेल, काठमाण्डौं।

श्री नागरिक लागानी कोष, नयाँ बानेश्वर।

श्री आर्थिक प्रशासन शाखा, मायादेवी गाउँपालिका, कपिलवस्तु।